परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक




वर्ष : ३ अंक : १९५ पृष्ठ ४ २०८१ चैत्र २० गते, बुधबार 2 April, 2025 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## बर्दिवास
# अस्पतालका कर्मचारीको कमाउ धन्दा

### छानबिन समितिले औँल्यायो अनगन्ती बदमासी




● टक नेपाल

बर्दिबास अस्पतालका कर्मचारीको कमाउ धन्दाको थप रहस्य उजागर भएको छ । अस्पतालका कर्मचारीहरू नै अस्पताल अस्तव्यस्त बनाउँदै बाहिर कमाउ धन्दामा लागेको समाचार प्रकाशन गरेको थियो । सो समाचार भ्रामक र गलत भएको भन्दै विज्ञप्ति निकालेरै कर्मचारीहरूले आपत्ति जनाएका थिए ।

त्यसपछि सोही समाचारलाई आधार बनाउँदै बर्दिबास नगरपालिकाले छानबिन समिति गठन गरेको थियो । सो समितिले सार्वजनिक गरेको प्रतिवेदनमै कर्मचारीहरूको बद्मासी पुष्टि भएको छ । योसँगै कर्मचारी र अस्पतालका आन्तरिक कमजोरीहरू उजागर भएका हुन् ।

सेवाग्राहीलाई औषधिको अभाव सिर्जना गरेर अस्पताल परिसर वरपर नै फार्मेसी र प्रयोगशाला निर्बाध सञ्चालन गरिरहेका अस्पतालका कर्मचारीहरूलाई प्रतिवेदन सार्वजनिक भएसँगै स्थानीय सरकारले कस्तो कारबाही गर्ला भन्ने विषयमा अहिले चासोमा छ ।

अस्पतालको फार्मेसी सेवा प्रवाह कमजोर हुनुमा विभिन्न कारणमध्ये कर्मचारी र बाहिरका फार्मेसीहरूको जालोले काम गरेको छानबिन समितिको निष्कर्ष छ । समस्याको सम्भावित संक्षिप्त कारणहरू प्रस्तुत गर्दै यस्तो डरलाग्दो जालोलाई छानबिन समितिले मानवीय त्रुटीका रूपमा राखेको छ । समितिले अस्पताल नजिक रहेका फार्मेसी तथा प्रयोगशालाको नियमित नगरपालिकाबाट अनुगमन गर्नुपर्ने र

बाकी पृष्ठ २.....

## मधेश प्रदेश प्रमुखद्वारा ३ विधेयक प्रमाणीकरण




● अजय साह

मधेस प्रदेशका प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्रदेशसभाबाट पारित भई प्रमाणीकरणका लागि पेस गरिएका तीन महत्वपूर्ण विधेयक प्रमाणीकरण गरेका छन् ।

आज प्रदेश प्रमुख भण्डारीले मधेसमा पर्यटनको विकास र प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश बालअधिकारसम्बन्धी ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गरे ।

नेपालको संविधानको धारा, २०१ को उपधारा ९२० बमोजिम प्रमाणीकरण गरिएका यी विधेयक प्रदेश विकासका लागि महत्वपूर्ण मानिएको छ । मधेसमा पर्यटनको विकास र प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले मधेस प्रदेशमा पर्यटन प्रवर्द्धनका लागि आवश्यक नीति तथा योजना तय गर्नेछ ।

त्यसैगरी, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले प्रदेशभर कृषि क्षेत्रमा नवप्रवर्तन, आधुनिकीकरण तथा कृषकको हित संरक्षण गर्ने कानुनी आधार तयार गर्नेछ ।

प्रदेश बालअधिकारसम्बन्धी ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयकमा बालअधिकार संरक्षणलाई अझ प्रभावकारी बनाउनका लागि यस ऐनमा संशोधन गरिएको हो ।

प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता शत्रुधन यादवका अनुसार यी विधेयकको कार्यान्वयनबाट मधेस प्रदेशको सामाजिक, आर्थिक र पर्यटकीय क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

If you do not have knowledge of computer, you will not be fit for any job.
कम्प्युटर सिप सिकौं, आत्मनिर्भर बनौं ।

**श्री राष्ट्रिय माध्यमिक विद्यालय पशुपतिनाथ बनरझुल्ला**
**प्राविधिक शिक्षालय**
बर्दिवास नगरपालिका वडा नं.-९, महोत्तरी
सिटिईभिटी (CTEVT) द्वारा सम्बन्धन प्राप्त ।

शैक्षिक सत्र २०८२ को लागि प्रि-डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ्ग (१८ महिने कोर्ष) मा भर्ना हुन चाहने एस.ई.ई. दिएका विद्यार्थीहरुको लागि विशेष अवसर :-

(Special Offer)
३ महिने नि:शुल्क कम्प्युटर कक्षा
र प्रवेश परीक्षाको तयारी

**प्रि-डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ्ग विषयका महत्वहरु :**
- लोकसेवा आयोगमा कम्प्युटर अपरेटर पदको उम्मेदवार बन्न ।
- प्रतिस्पर्धाको युगमा आफु स्वरोजगार बनी रोजगारी सृजना गर्न ।
- कुनै पनि व्यापार व्यवसाय गर्न ।
- Graphic Design, Web Design, Audio Vedio Mixing को काम गर्न ।
- Networking Technician, Programming Assistant, Support in IT Technician
- बैंक तथा वित्तीय संस्थाहरुमा काम गर्न ।
- सुचना तथा सञ्चार क्षेत्रमा काम गर्न ।
- विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुमा काम गर्न ।
- फोटो स्टुडियो, साईवर क्याफे, अफसेट प्रेस सञ्चालन गर्न ।
- शिक्षा, स्वास्थ्य, कला, विज्ञान आदि क्षेत्रमा काम गर्न ।

**हाम्रा विशेषताहरु**
- सुविधा सम्पन्न शान्त वातावरणमा अध्यापन गराईने ।
- दक्ष तथा अनुभवि प्रशिक्षकहरुबाट अध्यापन गराईने ।
- व्यवस्थित कम्प्युटर ल्याव, ईलेक्ट्रीकल ल्याव तथा नेटवर्किङ्ग ल्याव ।
- विपन्न, दलित, अपाङ्ग, तथा जेहन्दार विद्यार्थीहरुका लागि छात्रवृतिको व्यवस्था ।

रजिष्ट्रेशन खुला:- २०८१ चैत्र २० गते देखि सम्पर्क नं. : ९८०७६३३०१८, ९८४४३२४३४१



परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### राजावादी आन्दोलन र माओवादी दायित्व

राज्य व्यवस्था विभिन्न प्रकारका हुन्छन् । जुनसुकै राज्य व्यवस्था पनि त्यसका सञ्चालकले आफू र आफ्नो वर्ग अनुकूल निर्माण गरेका हुन्छन् । समाज विकासक्रम सँगै पुराना राज्य व्यवस्था जान्छन् र नयाँ आउँछन् । सत्तासीन वर्ग पुरानो राज्य व्यवस्था परिवर्तनको पक्षमा हुँदैन । तर जनता क्रान्तिकारी हुन्छन् । उनीहरू सधैँ परिवर्तन चाहन्छन् । यद्यपि समाज विकासको रथलाई अगाडि बढ्न कसैले रोक्न र छेक्न सक्दैन ।

पुरानो राज्य व्यवस्थाको सत्तामा रहेर जनतामाथि अत्याचार गर्दै सुख-सयल गरेर बसेका मुठीभरका व्यक्ति र समूहले नयाँ राज्य व्यवस्थाको आगमनलाई अवरोध गर्छन् । निश्चय नै यही क्रममा पुरानो राज्य व्यवस्थाको ध्वंसका निम्ति कहिलेकाहीँ सचेत र सशस्त्र विद्रोहको आवश्यकता हुने गर्छ । त्यो सचेत सशस्त्र विद्रोहले पुरानो राज्य व्यवस्थाको ध्वंस गरेर नयाँ राज्य व्यवस्थाको निर्माण गर्छ । तर पुरानो सत्ता र व्यवस्थामा ऐस-आरामका जिन्दगी बिताएर बसेका केही सीमित व्यक्ति नयाँ सत्ता र व्यवस्थामा अन्तर्घुलन हुन सक्दैनन् । त्यस कारण उनीहरूले पुरानै शासनसत्ता र व्यवस्था चाहन्छन् । र त्यो प्राप्तिका निम्ति लामो समयसम्म निरन्तर प्रयास गरिरहन्छन् ।

दश वर्षको महान् जनयुद्ध र १९ दिने जनआन्दोलनको रापतापले नारायणहिटीको राजगद्दीबाट च्युत भएका ज्ञानेन्द्र शाह र उनका समर्थक राजावादी पछिल्लो समय सलबलाउन थालेका छन् । विशेषतः गएको फागुन ७ गते उनले पोखराबाट दिएको संविधानविपरीत अभिव्यक्तिपछि विकसित घटनाक्रम चिन्ताजनक र दुःखद छन् । पोखराबाट काठमाडौँ फर्कंदा उनलाई स्वागत गर्ने नाममा राजावादीले शक्ति प्रदर्शन गरे । उनकै निर्देशनमा पूर्वपञ्च नवराज सुवेदीको नेतृत्वमा राजसंस्था पुनर्स्थापनाको निम्ति संयुक्त जनआन्दोलन समितिको गठन भयो । चैत १४ गते विवादित व्यापारी तथा राजावादी व्यक्ति दुर्गा प्रसाईंलाई उनले निर्मल निवासमा भेट दिए । त्यस संदिग्ध भेटघाटलगत्तै दुर्गा प्रसाईंलाई राजावादीहरूको आन्दोलन समितिको कमान्डर ठोस गरियो । ज्ञानेन्द्र शाहको निर्देशनमा गठित राजावादी आन्दोलन समितिले चैत १५ गते तीनकुने क्षेत्रमा आयोजना गरेको कथित आन्दोलन हिंसात्मक बन्न पुग्यो । त्यस दिन हत्या, हिंसासँगै तोडफोड, आगजनी र लुटपाट समेत मच्चियो ।

## पत्रकार रजकलाई गोली लागेको हल्लापछि एक्स-रे नगरी पोस्टमार्टम नगर्ने चिकित्सकको अडान



तीनकुनेमा भएको राजावादी प्रदर्शनमा जलेर मृत्यु भएका पत्रकार सुरेश रजकको शरीरमा गोली लागेको हल्लापछि एक्स-रे गर्न ढिलाइ भएको छ ।

पोस्टमार्टमका लागि त्रिवि शिक्षण अस्पतालमा रजकको शव पठाइए पनि अहिलेसम्म पोस्टमार्टम हुन सकेको छैन । पोस्टमार्टममा संलग्न चिकित्सकले रजकको शरिरको पोर्टेबल एक्स-रे नगरी पोस्टमार्टम गर्न अस्वीकार गरेको स्रोतले बतायो ।

'राजावादी प्रदर्शनमा मृत्यु भएका दुई जनाकै शव पोस्टमार्टमका लागि पठाएका थियौं । एक जनाको पोस्टमार्टम भए पनि अर्को एक जना पत्रकारको भने पोस्टमार्टम हुन सकेको छैन' परिसरका एक अधिकृतले भने, 'गोली लागेको भन्ने हल्ला चलेपछि पोर्टबल एक्स-रे नगरी पोस्टमार्टम नगर्ने चिकित्सकको अडान छ ।'

पुरै शरीरको पोर्टेबल एक्स-रे गने भनिए पनि त्रिवि शिक्षण अस्तालमा त्यस्तो एक्स-रे मेसिन नरहेकाले अन्यत्र बुझ्ने काम भइरहेको प्रहरीको भनाइ छ ।

केही मिडिया तथामा सामाजिक सञ्जालमा पत्रकार रजकलाई गोली लागेको भन्दै खबरहरु सार्वजनिक भएका थिए । त्यसपछि चिकित्सकले एक्स-रे नगरी पोस्टमार्टम नगर्ने बताएका हुन् । यता प्रहरीले भने विज्ञप्ती निकाल्दै भ्रामक खबरहरु फैलाइएको र त्यस्तो खबर फैलाएर कारबाहीसम्म गर्ने बताएको थियो ।

रजकसँगै पोस्टमार्टमका लागि पठाइएका सुरेश महर्जनको भने पोस्टमार्टम भइसकेको छ । प्रहरी स्रोतका अनुसार उनको दायाँ हातको कुहिने नजिकको भागबाट कोख हुँदै ढाडबाट गोली निस्केको पाइएको छ ।

## बर्दिबास अस्पतालका कर्मचारीको.....

कर्मचारीहरूको स्वार्थ बाझिने अवस्थामा तुरुन्त कारबाही गर्न सिफारिस गरेको छ ।

बर्दिबास नगरपालिकाका कर्मचारी दीपेश काफ्लेको संयोजकत्वमा तयार गरिएको उक्त प्रतिवेदनमा अस्पतालका कर्मचारीहरूको कहीँ न कहीँ स्वार्थ बाझिने अवस्था रहेको निष्कर्ष निकालिएको छ । जनप्रतिनिधिहरूले सेवा प्रवाहमा अग्रणी अस्पताल भएको दाबी गरिरहँदा प्रतिवेदनले भने त्यहाँको कमजोरी र सेवाग्राहीको असन्तुष्टिलाई एकसाथ सम्बोधन गरेको छ ।

स्थानीय सरकारले ५० शयूया बनाएर उत्कृष्ट काम गरिरहेको प्रचारबाजी गरिरहेका नगरपालिकाकै छानबिन समितिको प्रतिवेदनका सुझाव र निष्कर्षहरूले अस्पतालको बेथिति छर्लंग पारिदिएको हो । प्रतिवेदनमा ५० शयूया बनाएर नगरलाई आर्थिक भार थोपर्ने काम मात्र गरेको तर सेवा प्रवाह भने सन्तोषजनक नभएको उल्लेख गरिएको छ ।

छानबिन समितिका संयोजक दीपेश काफ्लेले अस्पतालका कमीकमजोरी पहिचान गरी सुधारका लागि स्थानीय सरकारलाई प्रतिवेदन हस्तान्तरण गरिएको बताए । विशेषज्ञ चिकित्सकबाट बिरामीको समस्या पहिचान गरेपछि सिफारिस गर्ने औषधि नभएको, नियमित रूपमा सेवन गर्नुपर्ने औषधि ३ महिनासम्म पुग्नुपर्ने भए पनि १ महिनाको मात्र भएको, स्वास्थ्य बिमामा १ हजार २८९ प्रकारका औषधि र ३५ प्रकारका सर्जिकल सामग्री उपलब्ध हुनुपर्ने व्यवस्था भए पनि दुवै समूहका ३५० प्रकारका औषधि मात्र मौज्दात रहेको जस्ता अन्नगन्ती समस्या प्रतिवेदनमा उल्लेख छ ।छानबिन समितिले प्रशासनिक व्यवस्थापनसमेत चुस्त नभएको भन्दै प्रश्न उठाएको छ । अर्को महत्वपूर्ण विषय त के छ भने चिकित्सकहरूले सिफारिस गरेका औषधि अस्पतालमा नपाउने गरेको प्रतिवेदनमा उल्लेख छ । जसले चिकित्सकहरूतर्फ पनि आशंका उत्पन्न भएको छ । चिकित्सकले सिफारिस गरेका औषधि अस्पताल फार्मेसीमा नपाइने र बाहिरका निजी फार्मेसीमा सहजै पाइने प्रतिवेदनले औँल्याएको छ ।

सामान्य किट तथा जाँच उपकरण नभएको, अस्पतालको दिगो व्यवस्थापन र आत्मनिर्भर बनाउन कुनै योजना नभएकाले अस्पतालकै कारण नगरमा आर्थिक भार परेको प्रतिवेदनको निष्कर्ष छ । सेवा प्रवाह गर्न कठिनाइ हुँदा अस्पताल स्तरोन्नतिका लागि ध्यान दिन समितिको सुझाव छ । समितिले आन्तरिक आय वृद्धि र दिगो व्यवस्थापनका लागि अस्पतालभित्रै सशुल्क फार्मेसी राख्नुपर्नेमा जोड दिएको छ ।

यता, नगर प्रमुख प्रह्लादकुमार क्षेत्रीले छानबिन समितिले पेस गरेको सुझावलाई मनन गरेर अगाडि बढ्ने बताएका छन् । कमजोरी भएका विषय सच्याउने र सेवाग्राहीको हितमा सदैव प्रतिबद्ध रहने उनको भनाइ छ ।

अस्पताल प्रशासनले समेत प्रतिवेदनमा आधारित भएर कारबाही प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता जनाएको छ । बाहिरपट्टि औषधि पसल राखेर कमाउ धन्दा चलाउने कर्मचारीहरूमाथि पनि छानबिन प्रक्रिया















# राजाकै कारण हिन्दु सनातनी कमजोर

विनय यादव

पछिल्लो समय राजा र राजतन्त्र फर्काउने हल्लाखल्ला निकै चलेको छ। यसको पछि केही मानिसको झुन्ड छ। जसको कामकाज केही पनि छैन। शारीरिक परिश्रमभन्दा निकै परका मानिस हुन् उनीहरू। त्यसैले उनीहरूलाई राजा र राजतन्त्रभन्दा फरक नजरसँग साक्षात् गर्ने हैसियत छैन। जसले राजा र राजतन्त्र लगायतका व्यवस्था भोगेका छन्, ती सर्वसाधारण नागरिकलाई मात्र थाहा छ, राजा र राजतन्त्रको अनुहार।

इतिहासलाई नजिकबाट नियाल्ने हो भने २४० वर्षमा राजा र राजतन्त्रकै कारण नेपालमा हिन्दु सनातन कमजोर भएको यथार्थ हो। किनभने जुन राजा र राजतन्त्रलाई हामीले हिन्दुत्वको जिम्मा लगाइरहेका छौँ, त्यो हिन्दु नै होइन। उनीहरू मुस्लिम धर्मावलम्बी हुन्। जुन दिनदेखि हामीले उनीहरूको निरंकुश पन्जामा परेर हिन्दुपनको रङ दियौँ त्यो दिनदेखि नै राजाहरूका कारण नेपालमा बलियो हिन्दु शक्ति निर्माण हुन सकेन, एकपछि अर्को कमजोर पंक्तिको निर्माण हुँदै गयो।

तत्कालीन अवस्थामा संविधानमै हिन्दु अधिराज्य भनिए पनि देशमा धर्म परिवर्तन गराउने खेल राजाहरूले रोक्न सकेनन्। बरु उनीहरूले नास्तिकता फैलाउनका लागि समाज कल्याण परिषद्को स्थापना गरी विभिन्न संघ-संस्था (एनजीओ, आईएनजीओ)मार्फत विदेशी धार्मिक फिरंगीहरूको प्रवेशलाई नेपालमा सहज बनाइदिए। पछिल्लो चरणमा एमाले-कांग्रेस लगायत तत्कालीन अवस्थाका राजनीतिक दलहरूले राजा र राजतन्त्रको आडमा यसलाई व्यापार व्यवसायीको रूपमा झनै फैलाउने काममा मलजल गरे।

हिन्दु सनातनी धर्म संरक्षण र जागरणको मुख्य केन्द्र भनेको मठ, मन्दिर र पार्टी पौवा लगायत स्थल हुन् तर यसलाई राजा र राजसंस्थाले गुठी संस्थानको रूपमा खडा गरेर आफ्नो अधीनमा राख्ने दुस्साहस गरे। राजाहरूले मठ-मन्दिर मासेर आफ्नो पारिवारिक निहित स्वार्थ पूरा गर्ने हतियार बनाए। हिन्दु ज्ञान-विज्ञानलाई प्रचार गर्ने सन्त-महात्माहरूलाई पलायन हुन बाध्य पारियो। कोटिहोमको माध्यमबाट हिन्दु संस्कृतिलाई जगेर्ना गर्ने राष्ट्रवादी हिन्दु सन्तयोगी नरहरिनाथलाई समेत जेल हाले। पछि उनलाई पनि पलायन भएर भारतको प्रवासी जीवन बिताउन बाध्य पारियो। उनी ०४६ मा बहुदल आएपछि स्वदेश फर्केका थिए।

हिन्दुहरू सक्रिय भयौँ र आफ्नो धर्मभित्रको कमी-कमजोरीलाई सच्याएर अगाडि बढ्यौँ भने यही लोकतान्त्रिक संविधानभित्र रहेर पनि दुईतिहाइ बहुमतका साथ हिन्दु राष्ट्र बनाउन सकिन्छ। त्यो नेपाली समाजका लागि नयाँ प्रयोग र राम्रो पनि हुन्छ।

विश्वभरि हिन्दु समाजलाई समृद्ध र संगठित गर्ने उद्देश्यले आरएसएस खोलिएको थियो तर नेपालमा त्यस्तो संघ खोल्न मान्यता नदिएपछि गीता क्लासेज (शिक्षण संस्था)का माध्यमबाट हिन्दुत्वको प्रचार-प्रसार सुरु गरियो। तर तत्कालीन राजालाई थाहा भएपछि संघका प्रचारक स्व. लक्ष्मण राव भिडेलाई 'सुट-वारेन्ट' नै जारी गर्‍यो। त्यसपछि उनी पनि भारत फर्के र हिन्दु संगठनको कामकाज बन्द भयो। तर सेन्ट जेभियर्स र जामे मस्जिद, मदरसाले जुन विदेशी धर्मका लागि काम गर्थे, उनीहरूलाई सहज वातावरणमा राख्ने काम गर्‍यो। नेपालमा इस्लामिक कट्टरपन्थ फैलाउन इस्लामिक संघ र दरबारमार्गमा मस्जिद पनि राजाहरूकै बेला स्थापना गरियो। जुन कुरा हामीले बिर्सनु हुँदैन। यतिसम्म कि मोहमद मोहसिन र सलिम अन्सारीजस्ता इस्लामिक सञ्जाल फैलाउनका लागि कार्य गर्ने नेताहरूलाई पद राजाहरूले नै दिए।

शाही सत्ताका बेला इस्लामिक आतंकवादीले इराकमा १२ नेपालीको नृशंस हत्या गरे। त्यतिबेला मेरै नेतृत्वमा काठमाडौँको रत्नपार्कमा घटनाको विरोधमा प्रदर्शन गरियो। त्यो दिन प्रदर्शनकारीले जामे मस्जिद पनि पसेका थिए। भोलिपल्टै तत्कालीन राजा ज्ञानेन्द्र शाहले जामे मस्जिदमाथिको घटनाले आफ्नो मुटु दुखेको अभिव्यक्ति सञ्चारमाध्यमा दिएका थिए। शाहीतन्त्रले हिन्दुहरूको सबलीकरणका लागि काम गर्ने हिन्दु स्वयंसेवक संघको कार्यालयमा छापा समेत मारे। संयोगले शाही सेनाले छापा मारेका बेला महानगर प्रचारकका रूपमा मेरो उपस्थिति थियो। मलाई त्यो दिन आज पनि सम्झनामा छ।शाहीकालमा राजाहरूले हिन्दु संघमाथि यतिसम्म निगरानी बढाउने दुस्साहस गरे कि संघको बर्सेनि हुने शिक्षा वर्ग प्रशिक्षण कार्यक्रम नेपालबाहिर सुनौलीमा गर्नुपर्‍यो। किनभने राजाले प्रशिक्षण कार्य गर्न बन्देज लगाए। त्यतिबेला लोकप्रिय कथावाचक पण्डित नारायण पोखरेल आफ्नो कथामा प्रजातन्त्रको व्याख्या समेत गर्थे। उनको हत्याको जिम्मा माओवादीले लिए पनि राजा र मावोवादीको साँठगाँठले हत्याकाण्ड भयो भन्ने कानेखुसी आज पनि सुन्न पाइन्छ।

भारतको उत्तर प्रदेश गोरखपुरमा गोरखनाथ बाबाको एउटा सामान्य मन्दिर छ, त्यो मन्दिरको आयबाट दर्जनभन्दा बढी विद्यालय, अस्पताल, धर्मशाला, एम्बुलेन्सजस्ता सेवाका कार्य हुन्छन्। तर त्योभन्दा कति गुना धेरै आय भएका पशुपतिनाथ मन्दिरमा राजाहरूले रानीको नेतृत्वमा पशुपति विकास कोष खडा गरे। पशुपतिनाथको सम्पूर्ण आय दरबारमा लगेर शुक्रबार हुने गुड फ्राइडे पार्टी (भोज) मा खर्च गर्थे। यसरी गुड फ्राइडे मनाउने राजा हिन्दुहरूका आदर्श कसरी भए! आफैँमा आश्चर्यको विषय हो।नेपालमा बहुसंख्यक जनता सनातनी छन्। राजाहरू मन्दिर जान्छन्, ती सनातनीलाई दिग्भ्रमित गर्नका लागि उनलाई थाहा छ कि हिन्दुत्वप्रतिको आस्था प्रदर्शन गरियो भने सनातनी समाजमा लोकप्रियता कमाउन सकिन्छ। राजा र राजावादीको त्यस्ता प्रचारबाट समाजलाई भ्रमित पार्न सफल भएको महसुस गर्न सकिन्छ। केही हिन्दुवादीले राजाको वकालत गरेको हेर्दा अचम्म लागेको छ। उनीहरूले सोचेका छन् कि राजा आयो भने हिन्दु राष्ट्र पनि आउँछ। तर यो कुरा पनि बुझ्न जरुरी छ कि २०४६/४७ सालको संविधानमा पनि हिन्दुराज्य उल्लेख थियो। तर हिन्दुत्वका लागि के भयो? के गरे राजाले? एकपटक समीक्षा गर्नुस्। विदेशी धर्महरू त्यतिबेला पनि राम्रैसँग फस्टाएका थिए। त्यसैले हामीले कस्तो र कस्तो चरित्रको हिन्दु राष्ट्र खोजेका हौँ, त्यो बुझ्न जरुरी छ। हिन्दुहरू सक्रिय भयौँ र आफ्नो धर्मभित्रको कमी-कमजोरीलाई सच्याएर अगाडि बढ्यौँ भने यही लोकतान्त्रिक संविधानभित्र रहेर पनि दुईतिहाइ बहुमतका साथ हिन्दु राष्ट्र बनाउन सकिन्छ। त्यो नेपाली समाजका लागि नयाँ प्रयोग र राम्रो पनि हुन्छ।

भारतकै उदाहरण लिउँ, सेकुलर कांग्रेस आई सत्तामा हुँदा धर्मनिरपेक्ष संविधान बनायो, तर त्यहाँका हिन्दु समाजमा जागरुकता बढेपछि आज हिन्दुवादी नेता मोदी र योगीजस्ता शासक छन्, जसले संविधान पन्थ निरपेक्ष भए पनि सरकारले हिन्दु हितमा कार्य गरिरहेको छ, जब कि नेपाल हिन्दु अधिराज्य भए पनि गर्न सकेको थिएन, त्यस कारण हिन्दु राजा होइन, हिन्दु शासकको आवश्यकता छ र आजको युगमा राजाको शासन मान्य नभएका कारण हिन्दुवादीहरूले जनताको मन जिती सदनमा आफ्नो राम्रो उपस्थिति बनाउनु नै उचित देख्छु।

शाही सत्ताकै बेला अयोध्याको राम मन्दिरमा इस्लामिक आतंकवादीले हमला गरेका थिए। त्यो घटनाको विश्वभर विरोध भएको थियो। तर नेपालका राजा र राजतन्त्र मौन थियो। त्यो मौनताले हिन्दु राष्ट्रप्रतिको राजतन्त्रको अनुहार झल्काउँथ्यो। तत्कालीन गृहमन्त्री कमल थापालाई भेटेर हामीले यो विषय पनि राख्यौँ। जानकी माताको प्रत्यक्ष सम्बन्ध अयोध्यासँग छ। हामी विश्वको एक मात्र हिन्दु देश पनि हौँ। त्यसैले सरकारले पनि यो घटनाको विरोध गर्नुपर्छ भनेर प्रस्ताव गरियो तर तत्कालीन गृहमन्त्री कमल थापाले मेरो स्तरले यो विषय सम्भव छैन भनेर जवाफ फर्काए। उनले राजासम्म यो कुरा पुर्‍याउन सल्लाह दिए। त्यसपछि हामी राजासम्म यो विषय पुर्‍याउन र पहुँच स्थापित गर्न अघि बढेका थियौँ।

त्यतिबेला ज्ञानेन्द्रको सल्लाहकार सचित शमशेरकहाँ पुग्यौँ। सचित शमशेरले महाराजसँग कुरा गर्छु भनेर आश्वासन दिएका थिए, केही दिनपछि हामी पुग्यौँ पनि। उनले राजाले दिएको प्रतिक्रिया सुनाए। अयोध्या घटनाको निन्दा गरियो भने पाकिस्तान रिसाउँछ भनेर राजाले भनेका रहेछन्। पाकिस्तानको चिन्ता गर्ने राजा हिन्दुको राजा कसरी हुन सक्छन्?

हिन्दु राजा भएकै बेला वीरगन्जमा हालको श्रीराम सिनेमा हलको अगाडिको जग्गा अवैध रूपले अतिमखानाको बहानामा इस्लामिक कटरपन्थीहरूलाई दिइएको होइन र? त्यसको खोजी हिन्दु समाजले गर्दा कट्टरपन्थी इस्लामिक समूहले हिन्दु अभियन्ताहरूमाथि हमला गर्‍यो, सो हमलामा परी गम्भीर घाइते हुनेमध्ये म स्वयं पनि एक हुँ, साँच्चिकै हिन्दु राजा हुन् भने चुइँक्क किन बोलेनन् उनी? बरु अर्को दिन सो घटनाको विरोधमा प्रदर्शन गर्न हिन्दु समुदाय सडकमा आयो, त्यतिबेला प्रहरीले उल्टै हिन्दुमाथि लाठी चार्जसहित अनगिन्ती अश्रुग्यास र गोली चलाएको बिर्सेको छैन म।

हिन्दुत्वको वकालत गर्ने आफ्नो ज्यानको बाजी लगाई तन, मन धनले कार्य गर्ने जुन योद्धाहरू मारिए वा बेपत्ता भए (प. नारायण पोखरेल, काशीनाथ तिवारी, देव पौडेल, उमेश पटेल, राधे श्याम पटेल लगायत), तिनका विषयमा ज्ञानेन्द्र शाहले केही किन बोलेनन्? वा तिनका परिवारका लागि केही किन गरेनन्? जब कि उनी अहिलेसम्म मन्दिरहरू भ्रमण गरी आफूलाई हिन्दु राजाको रूपमा प्रचारित गर्छन्।

हाल गणतन्त्र सरकारहरूले हिन्दु समाजको विरोधमा कार्य गरेको छ, यो कुरा स्वीकार गर्छु तर ती हिन्दुविरोधी कार्य गणतन्त्र व्यवस्थाले गरेको होइन, अमुक पार्टी र तिनका नेताले गरेका छन्, संविधानले हामी हिन्दुवादीलाई पनि सत्तामा जाने र हिन्दु हितको कार्य गर्ने बाटो दिएको छ। साँच्चिकै हिन्दु हितको कार्य गर्न चाहन्छौँ भने हिन्दु जनतालाई जागरुक गरौँ र हिन्दुवादी नेताहरूलाई सांसदको रूपमा बढीभन्दा बढी चुनौँ, लोकतन्त्रको मन्दिर संसद्मा हिन्दु राष्ट्रको आवाजलाई बुलन्द पारौँ।

काका भतिज वासिङ्ग सेन्टर
बर्दिबास–१, गौतम होटल अगाडी
प्रो : गोविन्द वहादुर मगर, महन महतो मो. ९७०७८०८१७३, ९८१२१९७६२९

हामीकहाँ : विभिन्न किसिमको रिकनडिसन गाडी पाउनुका साथै दक्ष अनुभवी व्यक्तिहरु द्धारा बस, ट्रक, जेसिभि, मोटरसाईकल, इभि गाडी वासिङ्ग गरिन्छ ।

मधेस प्रदेशमै पाइल्सको १ मात्र लेजर सर्जरी

विधिबाट पाइल्स, फिस्टुला, फिसर, पाइलोनाइडल साइनसको उपचार
डा. अफजल मन्सुरी
द्वारा
पोखरा र काठमाण्डौमा विगत लामो समयदेखि हजारौं बिरामीहरूलाई सफल उपचार गरिसक्नु भएका अनुभवी वरिष्ठ डा अफजल मन्सुरी टिमद्वारा जाँच उपचार तथा परामर्श हुने भएकोले समयमै सम्पर्क राखी मौकाको फाइदा उठाउनुहुन अनुरोध गरिन्छ ।
डा. अफजल मन्सुरी
BAMS, IOA, NSU, Dang
CCKAS, AIAA, Ghaziabad (Delhi)
NWCLD of Lasser Theraphy on Benign anorectal disease & vericoseveins
BHU Baransi, India
NAMC No.: 786
मिति: २०८१।१०।१४ र १५ गते
समय: विहान १०:००-५:०० बजेसम्म

बाँझोपन, नि:सन्तान महिला पुरुषको उपचार पनि गरिन्छ ।
लेजर सर्जरी नै किन ?
- भर्ना हुनु नपर्ने
- दुखाई नहुने
- रोग पुनः नदोहोरिने
- सवारी साधन चलाएर घर फर्कन सकिने साथै नियमित काम गर्न सकिने
हाम्रा सेवाहरू
- पायल्स, फिसर, फिस्टुला
- दिसा गर्दा रगत आउँने
- दिसा गर्दा मासु आउने
- दिसा गर्दा दुखाइ हुने
- मलद्वारमा फोका देखिनु
- मलद्वारमा पिप निस्कनु
- मलद्वार चिलाउनु
- मलद्वार सुन्निनु
- कब्जीयत
- हाडजोर्नी, नशा
- यौन समस्या
- छाला रोग आदि
पायल्स, फिसर, फिस्टुला
दिशा घरमा मासु पलाएको, दुख्ने पोल्ने, चिलाउने, रगत बग्ने, दिशा गर्दा मासु बाहिर आउने, दीर्घकालीन कब्जियत, दिशा नखुल्ने, गानोगोला साथै मलद्वार सम्बन्धी सम्पूर्ण समस्या
सम्पर्क:
ग्राण्डी आयुर्वेद प्रोक्टो लेजर क्लिनिक
बर्दिवास-१, बरगाछीटोल, महोत्तरी, 9864070612, 9807647760

निःशुल्क भाषा कक्षा
Japanese & Korean Language
Study in JAPAN

- Basic Language पढे पुग्ने ।
- 12 Pass गर्ने ले Apply गर्न मिल्ने ।
- Academic Gap ले फरक नपर्ने ।
- Working Visa को विशेष तयारी कक्षा ।
Korean Language
- EPS Based Preparation Class
- Skill Test Class
- UBT Based Preparation Class
- Weekly Daily UBT Test
- Special Class and Guarantee Pass
U.K.,USA, denmark
100% visa guarantee
visa नआए पैसा फिर्ता
Mahima Education Consultancy
Bardibas, Mahottari
9866996088, 9811016207

# सुक्न थाले इनार पानीको सङ्कट चुलिँदै

● विजय साह।धनुषा



धनुषाको मिथिला नगरपालिका-२ स्थित सुकुमवासी बस्तीमा पानीको चरम सङ्कट उत्पन्न भएको छ। बस्तीमा रहेका तीन इनारमध्ये दुई वटामा पानी सुकेपछि समस्या उत्पन्न भएको हो।

स्थानीय हरिदेव महतोले इनार सुकेपछि सुकुमवासी बस्तीमा यस्तो अवस्था आएको बताउनुभयो। तीन इनारमध्ये दुई वटामा पानी सुकेपछि डेढ सयभन्दा बढी घरपरिवार पानीका लागि एउटै इनारमा भर पर्नु परेको उहाँले जानकारी दिनुभयो।

स्थानीय हरिदेवले भन्नुभयो, "अलि हुनेखाने ले इनारमा मोटर जडान गरेर पानी निकाल्ने गरेका थिए भने नहुनेहरूले बाल्टी र डोरीको सहायताले पानी तान्ने गर्थे। अहिले भने पानी नै नरहेपछि सिङ्गो बस्ती समस्यामा परेको छ। फागुन अन्तिम सातातिर ती दुई वटै इनारको पानी सुकेपछि सबैलाईसमस्याभएकोछ।"

उहाँका अनुसार स्थानीय सरकारले केही महिनाअघि एउटा डिप ट्युबेल गाडे पनि सञ्चालनमा आउन सकेको छैन। डिप ट्युबेल सञ्चालन गर्न विद्युत् ट्रान्सफर्मर जडान, मोटर जडान, पाइपलाइन विस्तारलगायतका काम गर्न बाँकी छ। वडाध्यक्षलगायत सम्बन्धित निकायलाई हामीले ताकिता गरिरहेको उहाँले जानकारी दिनुभयो।

सुक्खायमको सुरुवातसँगै सुकुमवासी बस्तीमा मात्रै नभएर धनुषा जिल्लाको उत्तरी क्षेत्रमा पानीका स्रोत सुक्न थालेका छन्। जिल्लाको बटेश्वर, मिथिला, धनुषाधाम र गणेशमान चारनाथ नगरपालिकामा रहेका नदी, खोल्सी, जरुवा, इनार, चापाकल जस्ता जलस्रोत सुकेका कारण यहाँका बासिन्दाले खानेपानीको चरम सङ्कट भोग्नु परिरहेको छ। इनारको पानी सुक्न थाले पनि पिउने पानी अभावसँगै सिँचाइ समस्याका कारण किसान मर्कामा परेका छन्।

मिथिला नगरपालिका-३, हरिहरपुरका मनोजकुमार महतोले इनार सुकेपछि सिँचाइ गर्न नसकिने हुँदा तरकारी खेती गर्ने योजना रोकिएको बताउनुभयो। मौसमी तरकारी तथा अन्नबाली उत्पादन गरेर आम्दानी गर्दै आएको बताउँदै उहाँले भन्नुभयो, "हामीले सिँचाइका लागि इनार खनेका छौँ तर अब त इनारमा पानी नै छैन। खेती गर्न सिँचाइ नभई हुँदैन, आकासे पानीको भर पर्नु परेको छ।" अहिलेसम्म ३० प्रतिशतभन्दा बढी पानीका स्रोत सुकिसकेको उहाँको भनाइ छ।

पछिल्ला केही वर्षयता रातु, बडहरी, औरही, जलाद, कमला नदीबाट अनियन्त्रित रूपमा नदीजन्य पदार्थ उत्खनन भइरहेको छ। चुरे पहाडको दोहन र वन विनाश बढ्दै गएकाले जलाधार क्षेत्र सुक्न थालेको स्थानीयवासीको बुझाइ छ। वन निर्देशनालय मधेश प्रदेशका वन अधिकृत सुरेश शर्माले तराई क्षेत्रमा यस वर्ष हिउँदे वर्षा नहुनु पनि जल सङ्कटको प्रमुख कारण बनेको बताउनुभयो। उहाँका अनुसार असोजयता आकासे पानी परेको छैन। सामान्यतः कात्तिक-मङ्सिरमा एकदुई पटक पानी पर्ने गर्थ्यो तर यस पटक पानी नपर्दा जमिनमुनि पानीको सतह झन् तल गएको छ।

अनियन्त्रित रूपमा नदीजन्य पदार्थ उत्खननले गर्दा जमिनले पर्याप्त मात्रामा पानी सोसेर राख्न नसकेको बताउँदै उहाँले भन्नुभयो, "हामीले प्राकृतिक सम्पदाको उपयोग र संरक्षणमा धेरै लापर्बाही गरिरहेका छौँ। खोला नदीहरूको अनियन्त्रित दोहन, चुरे क्षेत्रको विनाश र जलाधार क्षेत्रको संरक्षणमा ध्यान दिएनौँ भने पानीको सङ्कट झन् भयावह बन्ने छ।"

चुरेविद् डा. विजयकुमार सिंह दनुवारले जमिनमुनि पानीको सतह तल तल झर्दै जानु नै यो सङ्कटको मुख्य कारण भएको बताउनुभयो। उहाँका अनुसार प्राकृतिक रूपमा चुरे क्षेत्र जल भण्डार हो। चुरे क्षेत्रमा तटबन्ध निर्माण गरेर वर्षाको पानी त्यहीँ रोक्न सकियो भने भूमिगत जलस्तर बढ्न सक्छ। उहाँले भन्नुभयो, "यस समस्या समाधानका लागि जलस्रोतको संरक्षण, वन फडानी रोकथाम, अनियन्त्रित उत्खननमा कडाइ तथा वर्षाको पानी सङ्कलन आवश्यक छ। उचित कदम चालिएन भने धनुषा मात्र नभई तराई क्षेत्रमै जल सङ्कट गहिरिने खतरा देखिन्छ।" समयमै समाधान खोज्न सकेनौँ भने आठदस वर्षपछि सिङ्गो तराईमै पानीको चरम अभाव झेल्न बाध्य हुने चेतावनी चुरेविद् दनुवारले दिनुभयो।

## महोत्तरीमा

# पन्द्र दिनमा १३ क्विन्टल गाँजा बरामद

● टक नेपाल



महोत्तरीमा पन्ध्र दिनयता करिब १३ क्विन्टल लागुऔषध गाँजा बरामद गरिएको छ। लागुऔषध नियन्त्रण ब्यूरो बर्दिबासको सक्रियतामा गाँजा बरामद गरिएको हो।

पहाडी जिल्लाम लुकाइछिपाइ ल्याएको गाँजा बरामद गरिएको ब्यूरोका प्रहरी नायब निरीक्षक सरोजकुमार अधिकारीले जानकारी दिए। सोमबार साँझ बिपी राजमार्गको बर्दिबास-३ गौरीडाँडास्थित ट्राफिक प्रहरी पोष्ट अगाडि वागमती प्रदेश-०१-००६-ख ५३७१ नम्बरको ट्रक जाँच गर्दा ट्रकको हुटमाथि प्लाष्टिकमा बेरिएको दुई क्विन्टल ३५ किलो गाँजा बरामद गरिएको थियो।

गाँजासँगै ट्रक चालक मकवानपुरको थाहा नगरपालिका-७ डाँडाबासका २७ वर्षीय कविराज गोलेलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रेवतीरमण पोखरेलले जानकारी दिए। यसअघि यही चैत ३ गते सोही ठाउँमा सिन्धुलीबाट बर्दिबासतर्फ आइरहेको बा३ख ५८३२ नम्बरको ट्रक जाँचका क्रममा ५४७ किलोग्राम गाँजा बरामद गरिएको थियो। चालक सिन्धुपाल्चोकको बाह्रबिसे-७ का ३७ वर्षीय सलिन मगरलाई पक्राउ गरी कारबाही अघि बढाइएको छ।

यस्तै ब्यूरोको टोलीले चैत ८ गते ढल्केबर जनकपुर सडकखण्डको लक्ष्मीनियाँचोकमा मधेस प्रदेश-०३-००२-ख २५२० नम्बरको ट्रक जाँचका क्रममा पाँच क्विन्टल १० किलो गाँजा बरामद गरेको थियो। यस क्रममा ट्रक चालक मकवानपुरको थाहा नगरपालिका-२ का २५ वर्षीय सञ्जीव सिन्तानलाई पक्राउ गरी आवश्यक कारबाही थालिएको प्रहरीले जनाएको छ।

पहाडी जिल्लाबाट ठूलो परिमाणमा गाँजाको ओसारपसार हुँदै आएको छ। गाँजा तस्करले महोत्तरीको बर्दिबासलाई 'ट्रान्जिट प्वाइन्ट' बनाएका छन्। बर्सेनि बर्दिबास सेरोफेरोबाट ठूलो परिमाणमा गाँजा बरामद गरिँदै आएको छ। भरिया र चालक पक्राउ परेपनि मुख्य कारोबारीसम्म प्रहरी पुग्न सकेको छैन।


## मानव बेचबिखन विरुद्ध सचेतना

- ❖ बेचबिखन रोक्न समाजमा चेतना फैलाउन जरूरी छ।
- ❖ विद्यालयदेखि नै बालबालिकालाई यसका बारेमा शिक्षित गराउनु पर्दछ।
- ❖ पाठ्यपुस्तकमा समावेश गरेर आफू कसरी बच्ने र अरूलाई पनि कसरी बचाउने भन्ने कुरा सिकाउन जरूरी छ।
- ❖ समाजमा तुरून्तै लागु गर्न सकिने किसिमका पाठ्यसामग्रीह समावेश गर्न जरूरी छ।
- ❖ रोजगारीका लागि जाने व्यक्तिलाई शिक्षा दिने, गलत बाटोबाट जाँदा पर्ने असरका बारेमा जानकारी गराउने गर्नुपर्छ।
- ❖ व्यक्तिगत तवरबाट आफु सचेत रहि परिवार र साथीहरू सवैलाई सचेतना फैलाउने।
- ❖ शंकास्पद व्यक्ति र जोखिममा रहेका व्यक्तिहरूको बारेमा निगरानी राख्ने परामर्श दिने र आवश्यकता अनुसार सम्वन्धित निकायसँग समन्वय गर्ने।

महोत्तरी गाँउपालिका, महोत्तरी, मधेश प्रदेश

## बाल विवाह सामाजिक अपराध हो यसको अन्त्य गरौं।

- बाल विवाह गर्दा कलिलो शरिरमा गर्भ रहन सक्छ र बच्चा पाउन नसकेर नानीको मृत्यु हुन सक्छ।
- बच्चा पाए पनि जन्मेको बच्चा कम तौलको र रोगी हुनसक्छ। अपाङ्ग बच्चा जन्मने सम्भावना हुन्छ।
- कलिलै उमेरमा गर्भ बस्दा आमा र बच्चा दुबै कमजोर हुने भएकोले रोगी हुन्छन्।
- बालबालिकाहरू शिक्षाबाट बन्चित हुन्छन्। उनीहरूको भविष्य अन्धकारमय हुन्छ।
- सानैमा बिहे हुने हुँदा धेरै बच्चा जन्मने सम्भावना हुन्छ। धेरै बच्चाको स्याहार सुसार तथा शिक्षाको लागि गाह्रो हुन्छ।
- धेरै बच्चा हुनु गरिब हुनुको अर्को कारण हो।
- दाईजोका कारण धेरै महिलाहरू घरको अपहेलनामा पर्ने र घर झगडा हुन्छ

रामगोपालपुर नगरपालिका
रामगोपालपुर, महोत्तरी, मधेश प्रदेश

## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com